# म्याग्दे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## छाङ्, तनहुँ

## गण्डकी प्रदेश, नेपाल

# म्याग्दे गाउँपालिका क्षेत्रभित्र होर्डिङ्ग वोर्ड लगायत विभिन्न माध्यम मार्फत विज्ञापन गरिएको विज्ञापन कर बुझाउने साथै अनुमती लिने सम्वन्धि सूचना

*सूचना प्रकाशित मिति : २०८१।३।१६*

यस कार्यालयको स्वीकृत कार्यविधि (म्याग्दे गाउँपालिका को विज्ञापन (नियमन तथा ब्यवस्थापन गर्ने) कार्यविधि( २०७९) अनुसार यस गाउँपालिका क्षेत्रभित्र होडिङ्ग वोर्ड राख्न चाहाने ब्यक्ती तथा संस्थाले कार्यविधि को दफा ५ को उपदफा १ बमोजिम अनुमती लिनुपर्ने ब्यवस्था भएकाले उपदफा २ अनुसार आगामी आर्थिक वर्ष ०८१।०८२ को लागी अनुमती लिनको लागी यो सूचना प्रकाशन गरिएको छ। चालु आर्थिक वर्षमा कार्यालय वाट सूचना प्रकाशन पुर्व कसैले पनी अनुमतिका लागि निवेदन पेश नगरेको र सडक पेटीमा विभिन्न प्रकारका होडीङ्ग वोर्ड तथा भित्ते लेखन रहेको पाईएको ले प्रचलीत कानुन अनुसार कर राजश्व तिरी अनुमती लिएर मात्र होडिङ्ग वोर्ड राख्नुहुन यसै सूचना मार्फत जानकारी गरिन्छ। प्रचलीत कानुन बमोजिम अनुमती लिनुपर्नेमा नलिएको तथा सूचना प्रकाशन गर्दा समेत आगामी आर्थिक वर्ष ०८१।०८२ को श्रावण १ देखी कोही कसैले गाउँपालिकावाट अनुमती नलिई होर्डिङ्ग वोर्ड राखेमा तथा नियमानूसार विज्ञापन कर नबुझायमा, / नवुझायका विज्ञापन सामाग्रीहरु अवैध हुने भएको हुदा त्यस्ता सामाग्रीहरु को हकमा नियमानूसार जफत लगाएत आवश्यक कारवाही हुने ब्यहोरा समेत जानकारी गराईन्छ।

होर्डिङ्ग वोर्ड अनुमतिका लागि आवश्यक कागजातहरुः

१, कार्यविधिको अनुसुची २ अनुसारको आवेदन फाराम
२, कार्यविधिको अनुसुची ३ अनुसारको प्रतिवद्धता पत्र
३, जग्गाधनि लालपुर्जा को प्रतिलिपि,
४, जग्गाधनि को नागरिक्ता को प्रतिलिपि,
५, जग्गा को ब्लुप्रिन्ट नक्शा को प्रतिलिपि,
६, जग्गा सगै जोडीएका जग्गा धनि छिमेकी को सहमती
७, सडकको राईट अफ वे मापदण्ड भित्र नपर्ने आधार तथा प्रमाण।
८, धार्मिक क्षेत्र लाई कुनै असर नपर्ने स्व घोषणा।
९, घर को हकमा घर कायम तथा नक्सा स्वीकृत तथा सम्पन्न कागजात।
१०, जग्गा वा घरधनि वाहेक अन्य ब्यक्ती वा सस्था भएमा धनिसग ब्यहोरा खुलाई भएको वहाल सम्झौता
११. सम्वन्धित वडा कार्यालयको सिफारिस
१२.कार्यविधि गाउँपालिकाको वेवसाईट https://myagdemun.gov.np मा हेर्न सकिनेछ।
१३.थप जानकारीका लागि सम्पर्क : ९८५६०६३१०८

*प्रमुख प्रशासकीय अधिकृत*